नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा
टेकु, काठमाडौं

# विश्व औलो दिवस

## २५ अप्रिल २०२५

**Malaria Ends With Us: Reinvest, Reimagine, Reignite** “पुनर्लगानी, पुनर्सोच र पुनर्जागरण: हामी बाटै औलो निवारण”

## नेपाल औलो रणनीतिक योजना २०२५-२०३०

नेपाल औलो रणनीतिक योजना २०२५-२०३० (Nepal Malaria Strategic Plan, 2025-2030) अनुसार नेपाललाई सन् २०३० सम्म औलोमुक्त राष्ट्र बनाउने परिकल्पना गरिएको छ । सोही अनुसार औलो निवारण लक्षित कार्यक्रमहरु संघ, प्रदेश र स्थानीय स्तरमा संचालन हुँदै आईरहेका छन् ।

### दीर्घकालीन सोच

औलोमुक्त नेपाल ।

### ध्येय

औलो निवारणका लागि औलोका बिरामीहरुको समयमै पहिचान, शीघ्र उपचार तथा प्रतिकार्यमा सर्वव्यापी पहुँच सुनिश्चित गर्ने ।

### लक्ष्य

- २०२६ सम्ममा स्थानीय औलोका बिरामीहरुको सङ्ख्यालाई शून्यमा पुऱ्याउने र तत्पश्चात सो स्थितिलाई कायम राख्ने ।
- औलोको पुनरागमनको रोकथाम (prevention of re-establishment) का लागि संयन्त्रहरुलाई सुदृढ गर्ने ।

### उद्देश्य

- स्वास्थ्य प्रणालीका सबै तहमा औलोको गुणस्तरीय निदान, उपचार र रोकथामका उपायहरु सुनिश्चित गर्ने ।
- औलोलाई पुनरागमन हुनबाट रोक्न र प्रमाणमा आधारित निर्णय गर्नका लागि निगरानी प्रणाली सुदृढ बनाउने ।

### मार्गदर्शक सिद्धान्त


- राज्यका सबै तहमा राजनीतिक स्वामित्व र प्रतिबद्धताका साथै सहभागिता सुनिश्चित तथा कायम गर्ने ।
- सशक्त निगरानी र प्रतिकार्य प्रणाली तयार गरी उत्थानशील र उत्तरदायी स्वास्थ्य प्रणालीका लागि योगदान गर्ने ।
- समुदायको सचेतजना र अर्थपूर्ण सहभागिता प्रवर्द्धन गरी दिगो रोकथाममूलक व्यवहार र स्वास्थ्य सेवा उपभोग गर्ने अभ्यासलाई बढावा दिने ।
- निजी क्षेत्रको महत्वपूर्ण भूमिकालाई आत्मसात गर्दै सम्बन्धीत स्वास्थ्य र गैरस्वास्थ्य क्षेत्रबीच दीर्घकालीन साझेदारी र सहकार्यलाई प्रोत्साहन गर्ने ।
- स्वास्थ्यमा सर्वव्यापी पहुँचलाई प्रवर्द्धन गरी गुणस्तरीय स्वास्थ्य सेवा र आपूर्तिमा न्यायोचित र मितव्ययी पहुँच सुनिश्चित गर्ने ।

### रणनीतिहरु (Strategies)


नेपालमा औलो निवारण गर्नका लागि प्रस्तावित पाँच प्रमुख रणनीति र सम्बन्धित क्रियाकलापहरु यस प्रकार छन्:

| | |
|---|---|
| रणनीति १ | तथ्यमा आधारित निर्णय, औलोरोग प्रतिकार्य तथा औलोको पुनरागमनको रोकथामका लागि औलो निगरानी प्रणालीलाई सुदृढ बनाउने । |
| रणनीति २ | प्रभावकारी कीट निगरानी र नियन्त्रणका गतिविधिहरुमार्फत रोगको रोकथाम सुनिश्चित गर्ने । |
| रणनीति ३ | औलोका बिरामीहरुको गुणस्तर सुनिश्चित निदान, र उपचारमा सर्वव्यापी र शीघ्र पहुँच सुनिश्चित गर्ने । |
| रणनीति ४ | औलो निवारणका लागि राज्य सञ्चालनका तीनवटै तहमा राजनीतिक प्रतिबद्धता, स्वामित्व र समर्थनकारी वातावरण सुनिश्चित गर्ने । |
| रणनीति ५ | औलो कार्यक्रममा नवप्रवर्तनको उपयोग तथा कार्यगत अनुसन्धान (operational research) को विस्तार गर्ने । |

**स्थानीय तथा आयातीत औलो बिरामीहरुको संख्या**





**पि.भाइभेक्स तथा पि.फाल्सिपारम भएका औलो बिरामीहरुको संख्या**




नोट: पि.भाइभेक्समा पि.ओभाली र पि.फाल्सिपारममा पि.मिक्सको संख्या पनि समावेश गरिएको छ ।

**बार्षिक रक्त परिक्षण दर (ABER), पोजिटिभ दर (TPR) र रुग्णता (API)**



# औलो तथ्य पृष्ठ (Malaria Fact Sheet)

| सूचाङ्क | | राष्ट्रिय स्तर | | | | | प्रदेश स्तर (आ.ब. २०८०/८१) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदुरपश्चिम |
| **औलो सम्बन्धि इपिडिमियोलोजिकल तथ्याङ्क** (Malaria Epidemiological Data) | | | | | | | | | | | | | |
| औलोको जोखिममा रहेको जनसंख्या '००० * | | १२,१७५ | ११,९०३ | १०,१४० | १०,२९९ | १०,७७३ | १००२ | १३०३ | १८१८ | ११४० | १७४० | १२६२ | २५०५ |
| जम्मा रक्त नमूना परिक्षण | | २,५२,१५६ | १,५६,७८८ | २,९२,८३८ | ४,६८,३०३ | ४,९५,७६८ | ३५,३२६ | ४१,४६१ | १,२६,०६८ | ३९,५२६ | १,१६,८६२ | ५१,२२३ | ८५,३०२ |
| जम्मा निश्चित गरिएको बिरामी | | ६१९ | ३७७ | ४९१ | ५२८ | ७९१ | १२ | ९१ | ९१ | १६ | ३१० | ३७ | २३४ |
| जम्मा स्थानीय बिरामी | | १०२ | ६६ | ३८ | २३ | २४ | १ | ० | १ | ० | १२ | १ | ९ |
| जम्मा आयातित बिरामी | | ५१७ | ३११ | ४५३ | ५०५ | ७६७ | ११ | ९१ | ९० | १६ | २९८ | ३६ | २२५ |
| जम्मा प्लाज्मोडियम फाल्सिपारम *(Pf)* बिरामी** | | ५६ | ५१ | ११४ | १५० | १७३ | ६ | २० | २८ | ७ | ७२ | ७ | ३३ |
| प्लाज्मोडियम फाल्सिपारम *(Pf)* बिरामी ( | | ९.०५ | १३.५३ | २३.२० | २८.४१ | २१.८७ | ५०.०० | २१.९८ | ३०.७७ | ४३.७५ | २३.२३ | १८.९२ | १४.१० |
| जम्मा प्लाज्मोडियम भाइभेक्स *(Pv)* बिरामी*** | | ५६३ | ३२६ | ३७७ | ३७८ | ६१८ | ६ | ७१ | ६३ | ९ | २३८ | ३० | २०१ |
| रोग संक्रमण दर/१००० (API) | | ०.०५ | ०.०३ | ०.०५ | ०.०५ | ०.०७ | ०.०१ | ०.०७ | ०.०५ | ०.०१ | ०.१८ | ०.०३ | ०.०९ |
| वार्षिक रक्त परिक्षण दर (ABER) | | २.०७ | १.३२ | २.८९ | ४.५५ | ४.६० | ३.५२ | ३.१८ | ६.९३ | ३.४७ | ६.७२ | ४.०६ | ३.४० |
| रक्त परिक्षण पोजिटिभ दर (TPR) | | ०.२५ | ०.२४ | ०.१७ | ०.११ | ०.१६ | ०.०३ | ०.२२ | ०.०७ | ०.०४ | ०.२७ | ०.०७ | ०.२७ |
| **उमेरका आधारमा बिरामीको संख्या** (Age-wise Case Distribution) | | | | | | | | | | | | | |
| ० देखि ४ वर्ष उमेर | महिला | ४ | १ | २ | १ | ४ | ० | ० | ० | ० | १ | १ | २ |
| | पुरुष | ६ | ४ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५ देखि ९ वर्ष उमेर | महिला | ११ | ५ | ४ | २ | ३ | ० | ० | ० | ० | ० | ० | ३ |
| | पुरुष | ८ | ९ | ५ | ४ | ५ | ० | ० | ० | ० | ० | २ | ३ |
| १० देखि १४ वर्ष उमेर | महिला | १२ | १२ | ४ | २ | ६ | ० | १ | ० | ० | १ | ० | ४ |
| | पुरुष | ११ | ७ | ९ | ९ | ११ | १ | १ | ० | ० | ४ | २ | ३ |
| १५ वर्ष भन्दा माथि | महिला | ८५ | ४३ | ४९ | ४५ | ५६ | २ | ० | ५ | १ | ११ | ३ | ३४ |
| | पुरुष | ४८२ | २९६ | ४१७ | ४६५ | ७०६ | ९ | ८९ | ८६ | १५ | २९३ | २९ | १८५ |
| **औलो संक्रमण स्थानहरुको संख्या** (Number of Foci Area) | | | | | | | | | | | | | |
| सक्रिय स्थान (Active Foci) | | ३८ | ३० | २४ | १६ | २३ | १ | १ | ० | ० | १२ | १ | ८ |
| संभाब्य तर सक्रिय नभएको स्थान (Residual Non-active Foci) | | २४१ | ११७ | ४८ | ४४ | २८ | ० | ० | ० | ० | ४ | ७ | १७ |
| संभाब्यता नभएको स्थान (Cleared Foci) | | १५० | १५२ | ८७ | २३ | ३३ | ० | ० | ० | ० | ७ | १० | १६ |
| **कीटनाश झूल बितरण संख्या** (Number of LLIN Distribution) | | | | | | | | | | | | | |
| आम बितरण (उच्च जोखिम क्षेत्रका आम समुदायका लागि) | | ६८,५२८ | १२५,७९४ | ८८,८९७ | ९७,०५३ | ७८,५९८ | ० | ० | ० | ० | १५,३७८ | १७,१२८ | ४६,०९२ |
| नियमित बितरण (गर्भवती महिला तथा जोखिम समूहका लागि) | | ५४,१३२ | ३४,५८६ | २१,४०० | २०,२०७ | १७०२५ | ११४९ | ६४४ | १०५ | २९६ | २९६८ | ३१६८ | ८६९५ |
| **बिषादी छिड्काउ** (Indoor Residual Spraying ) | | | | | | | | | | | | | |
| लाभान्वित जनसंख्या | | २८५,२५० | २८१,१५० | २२१,००० | ४८८,८७६# | ३२३४७९ # | ९२,७२६ | ६०,७८४ | ८,९०० | ८७० | २७,९१३ | ३५,१०७ | ९७,१७९ |

*औलोको उच्च, मध्यम तथा कम जोखिम क्षेत्रको जनसंख्या (औलो सुक्ष्मस्तरीकरणको आधारमा), ** *P. falciparum + P. mix* , ****P. vivax + P. ovale*

# औलो तथा अन्य कीटजन्य रोग नियन्त्रणका लागि लाभान्वित जनसंख्या

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा